**कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा**
**बीमा सम्बन्धी ऐन, २०४९ बमोजिम कामकारोवार गर्ने**

# एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड
# EVEREST INSURANCE COMPANY LTD.

रजिष्टर्ड कार्यालय: हात्तिसार, काठमाण्डौ, नेपाल
फोन नं ०१४४४४७१७, फ्याक्स नं ०१४४४३६६
Email: info@eic.com.np URL: www.everestinsurance.com

को

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

**दरखास्तसाथ प्रति शेयर रु. १००/- को दरले माग गरिएको**

संगठित संस्थाको हाल कायम चुक्ता पूँजी रु.२७,३९,८२,५०० बराबरको प्रति शेयर रु.१००/- अंकित दरका २७,३९,८२५ कित्ता साधारण शेयरको एक शेयर बराबर नयाँ तीन (१ : ३) को अनुपातमा (अर्थात विद्यमान एक कित्ता साधारण शेयर बराबर नयाँ तीन कित्ता साधारण शेयर कायम हुने गरी ) रु. ८२,१९,४७,५०० बराबरको प्रति शेयर १००/- अंकित दरका ८२,१९,४७५ साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

### निष्काशन तथा बिक्री प्रवन्धकको उद्घोषण

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३"अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (ड्यू डेलिजेन्स् सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।
धितोपत्र लगानीमा हुनसक्ने जोखिमबारे लगानीकर्ता स्वयंले विचार गर्नुपर्ने छ । यस संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरुबारे यस विवरणको दफा "थ" मा उल्लेख गरिएको छ ।

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार साविक शेयरधनीहरुमा निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको ब्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त केयर रेटिङ्गस नेपाल लि., काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७५/०३/२६ मा "केयर-एनपि आईपियो ग्रेड ४" प्रमाणपत्र प्राप्त गरेको छ । "केयर-एनपि आईपियो ग्रेड ४" ले संगठित संस्थाको अवस्था औषत भन्दा तल आधार (Below Average Fundaments) रहेको देखाउछ ।

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७५/१२/२७
हकप्रद शेयर निष्काशन खुल्ला हुने मिति :२०७६/०२/१४
हकप्रद शेयर निष्काशन बन्द हुने मिति :२०७६/०३/१६

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक:**

**सिद्धार्थ क्यापिटल लिमिटेड**

Siddhartha Capital Limited
Investing happiness

पो.व.नं.२१२००, नारायणचौर, नक्साल काठमाण्डौ,
फोन नं. ४४२०९२४/४४२०९२५ ,फ्याक्स नं. ४४२०९२९
इमेल:scl@siddharthacapital.com
वेवसाइट: www.siddharthacapital.com

**(क) संगठित संस्थाको नाम :** एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड (EVEREST INSURANCE COMPANY LIMITED)

**(ख) संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १, हात्तिसार, काठमाण्डौमा रहेको छ ।

**(ग) कारोवार स्थान**: यस कम्पनीको कारोबार गर्ने स्थान काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १, हात्तिसार, काठमाण्डौमा रहेको छ । आवश्यकता अनुसार नेपाल भर शाखा, उपशाखा वा अन्य कार्यालय खोली विमा सम्बन्धि कारोबार गर्न सक्नेछ ।

**(घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

**संगठित संस्थाको संक्षिप्त परिचय :**

एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड कम्पनी ऐन, २०२१ बमोजिम मिति २०४८ मंसिर १७ गते वाणिज्य विभागमा दर्ता भएको हो । यस कम्पनीले बीमा समितिबाट बीमा ऐन २०४९ अनुसार २०५१ जेठ १७ गते बीमकको हैसियतले कार्य गर्न स्वीकृति प्राप्त गरि मिति २०५१ साउन ७ देखी आफ्नो कारोवार संचालन गरिरहेको छ । यस एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा "जेड (Z)" बर्गको कम्पनीको रुपमा बर्गिकृत भएको छ ।

**संगठित संस्थाको उद्देश्य :**

**प्रचलित ऐनको अधिनमा रहि यो कम्पनीको स्थापनाको प्रमुख उद्देश्य सबै प्रकारको जोखिमको वीमा व्यवसाय संचालन गर्नु रहेको छ, जस अनुसार :**

- निर्जीवन बीमा व्यावसाय : यस अन्तर्गत अग्नी बीमा (सबै प्रकारको अग्नीबाट हुने सम्पत्ति नोक्सानी जोखिम विरुद्धको वीमा), सामुद्रिक वीमा -जलमार्ग आवतजावत गर्ने जहाज, स्टीमर, नाउं, मोटरबोट आदि साधन एवं जल मार्गवाट ढुवानी गरिने सम्पत्ति, मालवस्तुहरुको सम्पुर्ण जोखिम विरुद्धको बीमा), र अन्य सवै प्रकारका विविध वीमा जस्तै हवाइ वीमा, स्थल मार्ग ढुवानी बीमा, सवारी साधनहरुको बीमा ( तेस्रो पक्ष तर्फको दायित्व समेत), व्यक्तिगत दुर्घटना बीमा, माल वस्तु सम्पत्तिको पारवहन बीमा, औषधोपचार (मेडिकल) बीमा, मार्गस्थ नगद बीमा, सेंधमारी चोरी बीमा, डकैति, निस्ठा जमानी (indemnity, Fidelity and Guarantee) ठेक्का सम्वन्धी सम्पुर्ण जोखिम बीमा, हवाई उडान बीमा, कामदार क्षतिपुर्ति बीमा (Workmens Compensation), Engineering, Machinery breakdown, नाफाको नोक्सान बीमा, भुकम्प, तोडफोड, हुलदंगा जोखिम वीमा आदि कुनैपनि प्राकृतिक वा मानविय कारणवाट भैपरि आउने नोक्सानी विरुद्धको बीमा र कम्पनीले तोकेको अन्य कुनै बीमा व्यवसाय गर्ने ।
- बीमा व्यवसाय संचालन गर्ने सिलसिलामा आफुले प्राप्त गरेको व्यवसायको सम्पुर्ण र / वा आंशिक रकमको अन्य स्वदेश र / वा विदेश स्थित बीमा व्यावसाय गर्ने कम्पनी, एजेन्सीहरुसंग पुनर्बीमा गराउने एवं स्वदेश र / वा विदेश स्थित बीमा व्यवसाय गर्ने कम्पनी, एजेन्सीहरुको अनुरोधमा उनीहरुले प्रप्त गरेको वीमा व्यवसायको सम्पुर्ण र / वा आंशिक रकमको पुनर्बीमा गर्ने ।
- सम्वन्धित कार्यलयको स्विकृति लिइ कम्पनीको व्यवसायसंग मिल्ने व्यवसायमा संलग्न अन्य स्वदेशी वा विदेशी व्यक्ति, संघ संस्था सित, संयुक्त लगानी गरि वा नगरी साझेदारीमा अथवा पारिश्रमिकमा काम लिने दिने, प्रविधि हस्तान्तरण गरि दिने लिने ।
- अन्य संगठित संघ संस्थाको शेयर र ऋणपत्रको निष्काशनमा सहायता गर्ने ग्यारेन्टि र अन्डरराइट गर्ने, एवं आफु स्वयंले लगानी गर्ने ।
- एजेन्टहरु नियुक्त गर्ने र कमिशन दिने ।
- कम्पनीलाई हित हुने प्रचलित कानुन तथा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रतिकुल नहुने गरी अन्य व्यवसाय गर्ने, लगानी गर्ने ।

**(ङ) शेयर पूँजीको संरचना :**

(क) अधिकृत पूँजी : यस कम्पनीको अधिकृत पूँजी रु. २,०००,०००,०००/- ( अक्षरेपी दुई अर्ब) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/- दरका २०,०००,००० ( दुई करोड ) कित्ता शेयरमा विभाजन गरिएको छ ।

(ख) जारी पूँजी : कम्पनीको जारी शेयर पूँजी रु.१,०९५,९३०,०००/- (अक्षरेपी एक अर्ब नौ करोड उनान्साठी लाख तीस हजार) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/- दरका १०,९५९,३०० (एक करोड नौ लाख उनान्साठी हजार तिन सय) कित्ता शेयरमा विभाजन गरिएको छ ।

(ग) चुक्ता पूंजी : कम्पनीको चुक्ता शेयर पूँजी रु.२७,३९,८२,५००/-(अक्षरमा सत्ताइस करोड उनान्चालिस लाख बयासि हजार पाँच सय) रहेको छ । सो पूंजीलाई प्रति शेयर रु.१००/- दरका २७,३९,८२५ (सत्ताइस लाख उनान्चालिस हजार आठ सय पच्चिस) कित्ता शेयरमा विभाजन गरिएको छ । हकप्रद साधारण शेयर १:३ को दरले रु.८२,१९,४७,५००/- बराबरको ८२,१९,४७५ कित्ता हकप्रद शेयर निश्काशन पश्चात कम्पनीको चुक्ता पूंजी रु.१,०९,५९,३०,०००/- हुनेछ ।

**(च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूँजीको स्थिति :**

**हकप्रद शेयर निश्काशन पुर्व रहेको कम्पनीको चुक्ता पुंजीको संरचना :**

| साधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पुंजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|
| २७,३९,८२५ | २७,३९,८२,५०० | १००.०० % | १००.०० |

**हकप्रद शेयर निश्काशन गरि वांडफांड गरे पश्चात हुने कम्पनीको चुक्ता पुंजीको संरचना :**

यस विवरण पत्र अनुसार १:३ प्रतिशतले हकप्रद शेयर निष्काशन गरि वांडफांड गरे पश्चात कम्पनीको चुक्ता पुंजी निम्न वमोजम हुनेछ ।

| | **पुंजी संस्थापक ( रु.)** | **पुंजी सर्वसाधारण ( रु.)** | **चुक्ता रकम (रु.)** | **पुंजी संरचना संस्थापक प्रतिशत** | **पुंजी संरचना सर्वसाधारण प्रतिशत** | **भुक्तानी प्रतिशत** |
|---|---|---|---|---|---|---|
| १:३ पश्चात | ५६,१३,३०,००० | ५३,४६,००,००० | १,०९,५९,३०,००० | ५१.२२ | ४८.७८ | १००.०० |

**(छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :**

यस कम्पनीको संस्थापक शेयरधनीहरु संख्या ५,३७२ (भौतिक तथा अभौतिक) रहेको र आधारभुत शेयरधनीहरुको नाम तथा ठेगाना देहाय बमोजिम रहेको छ ।

| **संस्थापकको नाम** | **ठेगाना** | **कुल शेयर कित्ता** |
|---|---|---|
| स्नेहा खेतान | ललितपुर, नेपाल | ४०८,९३३ |
| लक्ष्मि बैंक लिमिटेड | हात्तिसार, काडमाडौं | ४०५,२२६ |
| राजेन्द्र कुमार खेतान | ललितपुर, नेपाल | ३५९,०९८ |
| रतन लाल संघाई | वटु, काठमाडौं | ९२,०२५ |
| बिरेन्द कुमार साह | बिरगंज, पर्सा | ५९,०८४ |
| लिनु तुलाधर | ठमेल काठमाडौं | ५४,७९७ |

| संस्थापक शेयर संख्या | चुक्ता रकम (रु.) | पुंजी संरचना | भुक्तानी प्रतिशत | संस्थापक शेयरधनी संख्या |
|---|---|---|---|---|
| १४,०३,३२५ | १४,०३,३२,५०० | ५१.२२ % | १००.०० | ५,३७२ |

| सर्वसाधारण शेयर संख्या | चुक्ता रकम (रु.) | पुंजी संरचना | भुक्तानी प्रतिशत |
|---|---|---|---|
| १३,३६,५०० | १३,३६,५०,००० | ४८.७८ % | १००.०० |

**ज) निष्काशन गरिने हकप्रद शेयरको संख्या तथा त्यसको अनुपात :**

हाल कायम रहेको चुक्ता पुंजी रु.२७,३९,८२,५००/- को १:३ को दरले रु.८२,१९,४७,५००/- वरावरको ८२,१९,४७५ कित्ता हकप्रद शेयर निष्काशन गरिने छ ।

**(झ) धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय :**

**निर्णय :** कम्पनीको गत साधारण सभावाट पारित १:६ (एक बरावर छ) हकप्रद शेयर जारी गर्ने प्रस्तावलाई परिमार्जन गरी, बीमा समितिको निर्देशन बमोजिम कम्पनीको शेयर संरचनामा न्युनतम ५१ प्रतिशत संस्थापक शेयरधनी कायम गर्नका लागि बोनश शेयर पश्चात हुन आउने कुल चुक्ता पुंजीमा यस कम्पनीका सर्वसाधारण शेयरधनीहरुलाई १:१.०५ (एक शेयर बराबर एक दशमलव शुन्य पांच) संस्थापक शेयर कायम हुने गरी हकप्रद शेयर जारी गर्ने । तत्पश्चात कायम हुने सम्पूर्ण शेयरधनी (संस्थापक र सर्वसाधारण) लाई १:३ (एक बराबर तीन) हकप्रद शेयर जारी गर्ने प्रस्ताव सभावाट सर्वसम्मतिले पारित गरियो ।

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा वार्षिक साधारण सभा सम्पन्न भएको मिति : २०७५।०१।१०**

**(ञ) सञ्चालकहरुको परिचय**

कम्पनीको संचालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

| क्रसं | नाम | सैक्षिक योग्यता/अनुभव | पद | ठेगाना | शेयर स्वामित्व |
|---|---|---|---|---|---|
| १ | श्री राजिव सापकोटा | व्यवस्थापनमा स्नातकोत्तर,<br>- २०१३ मार्च १ देखि हालसम्म लक्ष्मी क्यापिटल मार्केट लिमिटेडमा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत।<br>- लक्ष्मी बैंक लिमिटेडमा सहायक महा प्रबन्धक को रुपमा २०१५ अगष्ट १८ देखि कार्यानुभव।<br>- लक्ष्मी बैंक लिमिटेडमा बरिष्ठ प्रबन्धकको रुपमा २०१२ अप्रिल देखि २०१५ अगष्ट सम्म कार्यानुभव।<br>- लक्ष्मी बैंक लिमिटेडमा प्रबन्धकको रुपमा २००९ मे देखि २०१२ अप्रिल सम्म कार्यानुभव।<br>- सनराइज बैंक लिमिटेडमा नायब प्रबन्धकको रुपमा २००७ सेप्टेम्बर देखि २०१२ अप्रिल सम्म कार्यानुभव।<br>- हिमालयन बैंक लिमिटेडमा सहायक प्रबन्धकको रुपमा २००६ जुलाई देखि २००७ सेप्टेम्बर सम्म कार्यानुभव।<br>- हिमालयन बैंक लिमिटेडमा अधिकृतको रुपमा २००४ जुलाई देखि २००६ जुलाई सम्म कार्यानुभव।<br>- हिमालयन बैंक लिमिटेडमा कनिष्ठ अधिकृतको रुपमा २००० जुलाई देखि २००४ जुलाई सम्म कार्यानुभव।<br>- नेपाल धितोपत्र बोर्डमा रिसर्च अफिसरको रुपमा १९९७ नोभेम्बर २७ देखि २००० मार्च २७ सम्म कार्यानुभव। | अध्यक्ष | डिल्लीबजार २९, काठमाण्डौ | २७१ कित्ता |
| २ | श्री भुवल राई | व्यवस्थापनमा स्नातकोत्तर,<br>- लक्ष्मी बैंक लिमिटेडमा नायब महाप्रबन्धकको रुपमा २०१४ अगष्ट १ देखि हालसम्म कार्यानुभव<br>- लक्ष्मी बैंक लिमिटेडमा अपरेटिङ्ग रिस्क एण्ड गभर्नेन्स अफिसर विभागको प्रमुखको रुपमा २००७ देखि २०१४ सम्म कार्यानुभव<br>- लक्ष्मी बैंक लिमिटेडमा इन्टरनल अडिट एण्ड कम्प्लायन्स विभागमा प्रबन्धकको रुपमा २००२ देखि २००७ सम्मको कार्यानुभव<br>-अडिट एण्ड कम्प्लायन्स विभागमा प्रबन्धकको रुपमा १९९८देखि २००१ सम्मको कार्यानुभव<br>- ट्रेड फाइनान्स डिभिजनमा बरिष्ठ अधिकृतको रुपमा १९९३देखि | सदस्य | हात्तिगौंडा ७, काठमाण्डौ | २७१ कित्ता |

| | | | | | |
|---|---|---|---|---|---|
| | | १९९८ सम्मको कार्यानुभव | | | |
| ३ | श्री राम प्रसाद खनाल | वाणिज्य शास्त्रमा स्नातकोत्तर,<br>एक्सेलिङ्ग इन्भेष्टमेण्ट लिमिटेड, मन्दाकिनी हाइड्रोपावर लिमिटेड, छ्याङ्दी हाइड्रोपावर लिमिटेड, नेपाल पुर्वाधार विकास कम्पनी लिमिटेड, कन्सोटियर्म पावर डेभलपमेण्ट लिमिटेड, टुरिजम प्याराडिग्म नेपाल प्रा.लि., सेभ द चिल्ड्रेन युएसए, सिसिएस इटाली मा कन्सल्टेन्ट/कर्पोरेट लयरको रुपमा कार्यानुभव । लक्ष्मी क्यापिटल लिमिटेडमा स्वतन्त्र संचालकको रुपमा कार्यानुभव । | सदस्य | डिल्लीबजार ३०, काठमाण्डौ | २२६कित्ता |
| ४ | श्री हेम राज थापा | कानूनमा स्नातक,<br>लक्ष्मी कर्प नेपाल प्रा.लि. मा कम्पनी सचिवको रुपमा वि.सं. २०७० देखि कार्यानुभव ।<br>प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडमा वि.सं. २०६५ देखि २०७० सम्म लिगल हेडको रुपमा कार्यानुभव । वि.सं. २०५५ देखि २०६५ सम्म खेतान ग्रुपमा कार्यानुभव । | सदस्य | बुढीगंगा २, बाजुरा | २०५ कित्ता |
| ५ | श्रीमती अन्जिला बिष्ट गिरी | वाणिज्य शास्त्रमा स्नातकोत्तर, सन् १९९६ देखि हालसम्म विभिन्न विद्यालयहरुमा विद्यालय व्यवस्थापन क्षेत्र तथा शिक्षण क्षेत्रमा कार्यानुभव । हाल एस स्कुल, गैह्रिगाउँ, काठमाण्डौमा प्रिन्सिपलको रुपमा कार्यानुभव । | सदस्य | कुमारीगाल ८, काठमाण्डौ | २०५ कित्ता |
| ५ | श्रीमती सम्झना शर्मा | वाणिज्य शास्त्रमा स्नातकोत्तर,<br>होप लाइफ नेपाल, बासुकीनगर महिला सिपमुलक कोअपरेटिभ, ग्रोथ सेलर्स कन्सल्टेन्सि प्रा.लि., पिस विल्डिङ्ग एण्ड रिकन्सिलेसन्समा फ्रिल्यान्सर कन्सल्टेन्सको कार्यानुभव । | सदस्य | बागडोल, ललितपुर | |

**कम्पनीको प्रमुख कार्यकारी अधिकृत को विवरण**

| क्रसं | नाम | सैक्षिक योग्यता/अनुभव | पद | ठेगाना |
|---|---|---|---|---|
| १. | श्री कमल गौतम | व्यवस्थापनमा स्नातकोत्तर,<br>३० जुन २०१७ देखि हालसम्म एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत । जनवरी १ २०१७ देखि ३० मे २०१७ सम्म एन. सि. सि बैंक मा नायब महा प्रबन्धक र २०१२ जुलाइ देखि २०१६ डिसेम्बर सम्म इन्फ्रास्ट्रक्चर डेभलपमेण्ट बैंक लिमिटेडमा प्रमुख कार्यकारी अधिकृत । सनराइज बैंक लिमिटेडमा २००७ देखि २०१२ सम्म कार्यकारी तह को कार्यानुभव । नेपाल बंगलादेश बैंक लिमिटेडमा सन् २००१ देखि २००७ सम्म ब्यवस्थापकिय तहको कार्यानुभव । नेपाल इन्डष्ट्रियल एण्ड कमर्शियल बैंक लिमिटेडमा सन् १९९९ देखि २००१ सम्म ब्यवस्थापकिय तहको कार्यानुभव । हिमालयन बैंक लिमिटेडमा सन् १९९३ देखि सन् १९९९ सम्म अधिकृत स्तरको कार्यानुभव । नेपाल ग्रिन्डलेज बैंक लिमिटेडमा १९९१ देखि १९९३ सम्मको सहायक स्तरको कार्यानुभव । | प्रमुख कार्यकारी अधिकृत | भक्तपुर,नेपाल |

**(ट) सञ्चालक समितिको बनौट :**

यस कम्पनीको नियमावलीको नियम ४३ मा भएको व्यवस्था अनुसार कम्पनीमा ६ जना सदस्यहरुको संचालक समिति हुनेछ । ६ जना सदस्यहरु मध्ये ५ जनाको नियुक्ती कम्पनीको साधारण सभावाट हुनेछ र १ जना स्वतन्त्र / विज्ञ संचालकको नियुक्ती संचालक समितिवाट हुनेछ । ६ जना संचालकहरु मध्ये १ जना महिला संचालक हुनेछ ।

**(ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्तसाथ पठाउनु पर्ने पेश्की रकम :**

साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको १:३ (कायम एक कित्ता शेयर बराबर तीन कित्ता) को दरले रु. ८२,१९,४७,५००/- बराबरको ८२,१९,४७५ कित्ता हकप्रद शेयर प्रति शेयर रु.१००/- का दरले आवेदन दिन सक्नेछन् तथापी आवेदक शेयरधनीले आफ्नो कायम हक भन्दा कम शेयरका लागि आवेदन दिन सक्नेछन् ।

दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले आवेदन दिने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंक वा तोकिएको संकलन केन्द्रमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।

**(ड) साविकका शेयरधनीले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका सो शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले तोकेबमोजिम अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**(ढ) हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक वापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित अर्थात ३.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक अर्थात ४ कित्ताका (खण्डित शेयर ३.१ को माथिल्लो पूर्णाङ्क भनेको ४ भएकोले) लागि प्रति शेयर रु १०० कित्ताका दरले आवेदन दिन सक्नेछन् । यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ ।

**(ण) संगठित संस्थाको विगतको तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :**

संगठित संस्थाको विगत तीन आर्थिक वर्ष (आ.व.) को लेखापरीक्षण भएको समिष्टिकृत वित्तीय विवरण, तथा आगामी तीन आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम रहेको छ ।

## वासलात

| क्र.सं. | विवरण | वास्तविक (रु.हजारमा) | | | | पौष मसान्त २०७५/७६# | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५* | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| | **श्रोत** | | | | | | | | |
| १ | चुक्ता पुंजी | १०१,२५० | १०१,२५० | १२१,५०० | १३३,६५० | १३३,६५० | १,०९५,९३० | १,०९५,९३० | १,०९५,९३० |
| २ | अग्रिम पुंजी भूक्तनी | - | - | ७४,८५० | ७४,८५० | ७२,०४९ | - | - | - |
| ३ | जगेडा तथा कोष | ६३,०६८ | ८६,७८४ | ७५,०३४ | ७९,०९० | ११३,५२५ | १३०,१९७ | १९४,४४८ | २७२,३३३ |
| ४ | बीमा कोष | १२०,८४८ | १५२,३३७ | १७५,९१५ | १९६,५६३ | २०९,४५१ | २५३,१५२ | ३३१,९३१ | ४३२,८५६ |
| ५ | महा-विपत्ती जगेडा | - | २,७५४ | ४,२१७ | ६,०४८ | ९,८१४ | १४,१४२ | २८,६६९ | ५१,७०९ |
| | **कूल श्रोत** | **२८५,१६६** | **३४३,१२५** | **४५१,५१५** | **४९०,२००** | **५३८,४८९** | **१,४९३,४२१** | **१,६५०,९७८** | **१,८५२,८२८** |
| | **उपयोग** | | | | | - | | | |
| ६ | स्थिर सम्पत्ती (खुद) | ८९,७६६ | ८७,९८१ | ८४,३५१ | ९७,२१३ | ९९,५८३ | १२६,३६९ | १५१,६४३ | १९७,१३६ |
| ७ | दीर्घकालिन लगानी | २१४,०४४ | १६५,५५८ | १६७,८९३ | १६०,२९१ | २०९,१९६ | ६०३,६९२ | ७४८,५७८ | ९२८,२३७ |
| ८ | दीर्घकालिन कर्जा | - | - | - | - | - | - | - | - |
| | **चालु सम्पत्ती कर्जा तथा पेश्कीहरु :** | | | | | | | | |
| ९ | नगद तथा बैंक मौज्दात | १३,३५५ | २१,१९७ | १३,८७० | ५१,७४४ | ६७,०५० | १३५,६९७ | १६९,६२२ | २१२,०२७ |
| १० | अल्पकालिन लगानी | १३०,४८५ | २३२,६६४ | ३०५,०९१ | ४३२,४७७ | ३५२,००३ | ९७१,९९७ | १,०६९,१९६ | १,१७६,११६ |
| ११ | अल्पकालिन कर्जा | ८७९ | ६५४ | ८२८ | ८१८ | ३,६६७ | १,०९४ | १,३१२ | १,५७५ |
| १२ | अन्य सम्पत्ती | ३२२,२८७ | २००,४२० | ३०२,९०० | २२५,८७७ | २९६,२४५ | ३४२,५१८ | ४४१,६४९ | ५९९,८७८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **जम्मा (क) ( ९+१०+११+१२)** | **४६७,००६** | **४५४,९३४** | **६२२,६८९** | **७१०,९१६** | **७१८,९६६** | **१,४५१,३०६** | **१,६८१,७८०** | **१,९८९,५९५** |
| | **चालु दायित्व तथा व्यवस्थाहरु :** | | | | | | | | |
| १३ | चालु दायित्व | १९८,२४९ | १२७,८६७ | १६२,२९९ | १९०,००१ | १६५,८९७ | २२२,४५२ | ३११,७२१ | ४६७,५८२ |
| १४ | असमाप्त जोखिम वापत व्यवस्था | २३,३०९ | २६,९५२ | २२,७०२ | ४९,१५३ | १६५,६३९ | ८५,७५२ | ११०,०२१ | १३७,४१४ |
| १५ | भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | १५४,५९८ | ८५,३२२ | ८६,५७३ | ९२,१९२ | ७८,३२२ | १८८,९८६ | २५४,९८३ | ३१८,७२८ |
| १६ | अन्य व्यवस्था | ११३,४४८ | १२५,२०७ | १५१,८४५ | १४६,८७४ | ७९,३९८ | १९०,७५७ | २५४,२९८ | ३३८,४१७ |
| | **जम्मा (ख) (१३+१४+१५+१६)** | **४८९,६०४** | **३६५,३४९** | **४२३,४१८** | **४७८,२२०** | **४८९,२५६** | **६८७,९४७** | **९३१,०२४** | **१,२६२,१४१** |
| १७ | **खूद चालु सम्पत्ती ( ग).(क) ( (ख)** | (२२,५९८) | **८९,५८५** | **१९९,२७१** | **२३२,६९७** | **२२९,७१०** | **७६३,३५९** | **७५०,७५६** | **७२७,४५४** |
| १८ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु | | - | - | - | - | - | - | - |
| १९ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | ३,९५४ | - | - | - | - | - | - | - |
| २० | **कूल उपयोग** (६+७+८+१७+१८+१९) | **२८५,१६६** | **३४३,१२५** | **४५१,५१५** | **४९०,२००** | **५३८,४८९** | **१,४९३,४२१** | **१,६५०,९७८** | **१,८५२,८२८** |

* लेखापरिक्षण पूर्वको वित्तिय विवरणको आधारमा

## नाफा नोक्सान हिसाब

| क्र.सं. | विवरण | वास्तविक (रु.हजारमा) | | | | पौष मसान्त २०७५/७६# | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ * | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| | आम्दानी : | | | | | | | | |
| १ | आय व्यय हिसाबबाट सारेको नाफा /(नोक्सान) | (४६,७८४) | ६१,८५८ | १४,२६० | ४४,५४७ | २८,४०७ | ५९,४४३ | ११९,५७४ | १६४,९४७ |
| २ | लगानी कर्जा तथा अन्यबाट आय | ७७,०३८ | १६,३५९ | ६५,५३७ | ३२,१७८ | १८,१०३ | १२०,०२४ | १४३,२२४ | १७१,४६६ |
| ३ | व्यवस्था फिर्ता | २३,९७० | २,८७२ | २८७ | - | - | - | - | - |
| ४ | अन्य आम्दानी | - | - | - | - | - | - | - | - |
| | जम्मा आम्दानी (क) | ५४,२२४ | ८१,०८९ | ८०,०८४ | ७६,७२६ | ४६,५१० | १७९,४६७ | २६२,७९७ | ३३६,४१३ |
| | | | | | | | | | |
| | खर्च : | | | | | | | | |
| ५ | व्यवस्थापन खर्च | ४,४८० | ५,२४२ | ५,७८० | १०,९७८ | ६,९६४ | १३,५९३ | १६,९९१ | २१,२३९ |
| ६ | अपलेखन खर्च | १,०६५ | २ | - | - | - | - | - | - |
| ७ | शेयर सम्वन्धी खर्च | - | - | १७० | १,२२२ | - | २०६ | २२६ | २४९ |
| ८ | अन्य खर्चहरु | - | - | - | - | - | - | - | - |
| ९ | नोक्सानीको लागी व्यवस्था | - | ७२७ | ५२५ | - | - | - | - | - |
| १० | कर्मचारी आवास व्यवस्था | - | - | - | - | - | - | - | - |
| ११ | कर्मचारी बोनस व्यवस्था | २,४९६ | ६,८२९ | ६,६९२ | ५,८६५ | ३,५९५ | १५,०६१ | २२,३२५ | २८,६३० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | समायोजित आयकर (अ) = (आ) - (इ) | ३,०१७ | ५,३११ | १९,७६३ | १७,३५५ | १०,७८५ | ४४,२५७ | ६५,६९७ | ८४,४४६ |
| | आ) आयकर | ३३६ | ४,७४६ | १९,८७५ | १७,५९५ | १०,७८५ | ४५,१८२ | ६६,९७६ | ८५,८८९ |
| | इ) स्थगन कर सम्पत्ती/(दायित्व) | (२,६८१) | (५६५) | ११२ | २४१ | - | ९२६ | १,२७९ | १,४४३ |
| | जम्मा खर्च (ख) | ११,०५७ | १८,१११ | ३२,९२९ | ३५,४२० | २१,३४४ | ७३,११६ | १०५,२४० | १३४,५६३ |
| | खूद नाफा / (नोक्सान) (ग) =(क) - (ख) | ४३,१६७ | ६२,९७९ | ४७,१५४ | ४१,३०६ | २५,१६६ | १०६,३५१ | १५७,५५७ | २०१,८५० |
| १३ | (क) बीमा कोषमा सारेको | २१,५८३ | ३१,४८९ | २३,५७७ | २०,६४८ | १२,५८३ | ५३,१७५ | ७८,७७९ | १००,९२५ |
| | (ख) बीमा जगेडामा सारेको | - | - | - | - | - | - | - | - |
| १४ | अघिल्लो बर्षसंग सम्बन्धित खर्च | १५,०४३ | - | १२,९७४ | २,६११ | - | - | - | - |
| १५ | अघिल्लो बर्षबाट सारिएको नाफा /(नोक्सान) | (१३,१७६) | (३,९५४) | ४,०३१ | २६९ | १६,२३५ | २१,७४० | ६६,४९८ | १२९,४७० |
| १६ | बाँडफाँडको लागी उपलब्ध रकम | (६,६३५) | २७,५३५ | १४,६३४ | १८,३०६ | २८,८१८ | ७४,९१५ | १४५,२७६ | २३०,३९५ |
| | क)स्थगन कर जगेडा | (२,६८१) | (५६५) | ११२ | २४१ | - | ९२६ | १,२७९ | १,४४३ |
| | ख) पूँजीगत जगेडा | - | - | - | - | - | - | - | |
| | ग) विशेष जगेडा | - | - | - | - | - | - | - | |
| | घ) अन्य जगेडा (विवरण खुलाउने) | - | - | - | - | - | - | - | |
| | ङ) प्रस्तावित लाभांश | - | - | १२,७८९ | - | - | - | - | |
| | अ) बोनस शेयर | - | २०,२५० | १२,१५० | | - | | | |
| | आ) नगद लाभांश | - | १,०६६ | ६३९ | - | - | - | - | |
| | च) महा-विपत्ती जगेडा | - | २,७५४ | १,४६३ | १,८३१ | २,८८२ | ७,४९१ | १४,५२८ | २३,०३९ |
| १७ | वासलातमा सारेको नाफा /(नोक्सान) | (३,९५४) | ४,०३१ | २६९ | १६,२३५ | २५,९३६ | ६६,४९८ | १२९,४७० | २०५,९१२ |

* लेखापरिक्षण पूर्वको वित्तीय विवरणको आधारमा
# आ.व. २०७५/७६ को पौष मसान्तको व्यवस्थापनबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण

# एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड

## बित्तिय प्रक्षेपणका आधार तथा तरिकाहरु (प्रतिशतमा):

**अनुशूची क**

| क.स. | बिव/ण | वास्तविक -प्रतिशतमां | | | | प्रक्षेपित -प्रतिशतमां | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ * | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | कुल बीमाशुल्कको बृढि दर | १.१२ | ६४.१८ | ४५.४३ | १२८.३९ | ६६.१३ | २५ | २५ |
| २ | कुल बीमाशूल्कमा कुल पूनर्बीमा शूल्क खर्चको अनूपात | ६०.६८ | ७०.६७ | ८३.४७ | ८३.९७ | ८३.४७ | ८३.४७ | ८३.४७ |
| ३ | कुल बीमाशूल्कमा कुल पूनर्बीमा कमिशन खर्चको अनूपात | ०.६२ | ०.२१ | ०.०७ | ०.०३ | ०.०५ | ०.०५ | ०.०५ |
| ४ | कुल पूनर्बीमा शूल्क खर्चमा पूनर्बीमा कमिशन आयको अनूपात | २१.६६ | १७.२१ | २१.४२ | २४.४८ | २०.१ | २०.१ | २०.१ |
| ५ | खूद बीमाशूल्कमा खुद दावी भूक्तानीको अनूपात | १६३.८८ | ६७.५२ | १०६.९२ | ४८.४५ | ६० | ६० | ६० |
| ६ | कुल बीमाशूल्कमा अभिकर्ता कमिशन भूक्तानीको अनूपात | ६.१८ | ३.६३ | ३.४७ | २.७ | ३.५५ | ३.५५ | ३.५५ |
| ७ | कुल बीमाशूल्कमा भूक्तानी हुन बाकी दावी व्यवस्थाको अनुपात | १४०.०८ | ४७.०९ | ३२.८५ | १५.३२ | १८.९ | २०.४ | २०.४ |
| ८ | कुल बीमाशूल्कमा कूल व्यवस्थापन खर्च अनूपात | ३६.९४ | २८.४९ | २१.९३ | १८.२४ | १३.५९ | १३.५९ | १३.५९ |
| ९ | कुल बीमाशूल्कमा खूद नाफाको अनूपात | ३९.११ | ३४.७६ | १७.८९ | ६.८६ | १०.६४ | १२.६ | १२.९२ |
| १० | कूल बीमाशूल्कमा कूल सम्पत्तिको -कुल उपयोगं अनूपात | ६९८.४३ | ३९१ | ३३२.०३ | १६०.९१ | २१८.१४ | २०६.५६ | १९९.३६ |
| ११ | ऋायकर व्यवस्था | ३० | ३० | ३० | ३० | ३० | ३० | ३० |

* लेखापरिक्षण पूर्वको वित्तिय विवरणको आधारमा

## वित्तीय विवरण प्रक्षेपणका आधारहरु:

१) आ.व. २०७५/७६ मा कूल बीमाशुल्क आ.व. २०७४/७५ को तुलनामा ६६।१६ प्रतिशतले वृद्धि हुने, आ.व. २०७६/७७ को कूल बीमाशुल्क आ.व. २०७५/७६ को तुलनामा २५ प्रतिशले वृद्धि र आ.व. २०७७/७८ को कुल बीमाशुल्क आ.व. २०७६/७७ को तुलनामा २५ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ ।

२) आ.व. २०७५/७६, २०७६/७७ र २०७७/७८ को कूल पुनर्बीमा शुल्क खर्च सो आ.व.हरुको कूल बीमाशुल्क आर्जनको ८३।४७ प्रतिशत रहने अनुमान रहेको छ ।

३) आ.व. २०७५/७६, २०७६/७७ र २०७७/७८ को कूल पुनर्बीमा कमिशन खर्च सो आ.व.हरुको कूल बीमाशुल्क आर्जनको ०।०५ प्रतिशत रहने अनुमान रहेको छ ।

४) आ.व. २०७५/७६, २०७६/७७ र २०७७/७८ को पुनर्बीमा कमिशन आय सो आ.व.हरुको कूल पुनर्बीमा शुल्क खर्चको २०।१० प्रतिशत रहने अनुमान रहेको छ ।

५) आ.व. २०७५/७६, २०७६/७७ र २०७७/७८ को खूद दावी भुक्तानी सो आ.व.हरुको खुद बीमाशुल्क आयको ६०।०० प्रतिशत रहने अनुमान रहेको छ ।

६) आ.व. २०७५/७६, २०७६/७७ र २०७७/७८ को अभिकर्ता कमिशन खर्च सो आ.व.हरुको कुल बीमाशुल्क आर्जनको ३।५५ प्रतिशत रहने अनुमान रहेको छ ।

७) आ.व. २०७५/७६ को भुक्तनी हुन बाकी दावी व्यवस्था सो आ.व. को कूल बीमाशुल्कको १८।९० प्रतिशत र आ.व २०७६/७७ र २०७७/७८ को भुक्तनी हुन बाकी दावी व्यवस्था सो आ.व.हरु को कूल बीमाशुल्कको २०।४० प्रतिशत रहने अनुमान रहेको छ ।

८) आ.व. २०७५/७६, २०७६/७७ र २०७७/७८ को कुल व्यवस्थापन खर्च सो आ.व.हरुको कूल बीमाशुल्क आर्जनको १३।५९ प्रतिशत रहने अनुमान रहेको छ ।

९) आ.व. २०७५/७६, २०७६/७७ र २०७७/७८ को खुद नाफा सो आ.व.हरुको कूल बीमाशुल्क आर्जनको ०।०१ प्रतिशत रहने अनुमान रहेको छ ।

१०) आ.व. २०७५/७६ को कुल सम्पत्ति सो आ.व. को कूल बीमाशूल्क आर्जनको ०.२२ पैतिशत, आ.व. २०७६/७७ को कूल सम्पत्ति सो आ.व. को कूल बीमाशूल्क आर्जनको ०।२१ प्रतिशत र आ.व. २०७७/७८ को कूल सम्पत्ति सो आ.व. को कूल बीमाशुल्क आर्जनको ०।२० प्रतिशत रहनै अनुमान रहेको छ ।

११) आ.व. २०७५/७६, २०७७/७८ र २०७७/७८ को आयकर व्यवस्था ३० प्रतिशतको दरले रहेको छ ।

**#** माथि उल्लेख गरिएका वित्तीय विवरण तथा प्रक्षेपित वित्तीय विवरण तयार र विश्लेषण गर्ने व्यवसायिक संस्थामा निष्काशनकर्ता कम्पनी आफै रहेको छ । निष्काशनकर्ता वित्तीय संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा प्रेशित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु ठिक छ भनी प्रमाणित गर्नेमा एम.जि.एस. एण्ड एशोसिएटेस्, चार्टर्ड एकाउन्टेन्ट्सका तर्फवाट चार्टर्ड एकाउन्टेन्ट श्री ध्रुब अधिकारी हुनुहुन्छ ।

**संगठित संस्थाको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद वांकी हुने सम्पत्ति (नेटवर्थ) देहाय बमोजिम रहेको छ ।**

| क्र. सं. | बिवरण | वास्तविक (रु.हजारमा) | | | | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ * | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| १ | चुक्ता पुंजी | १०१,२५० | १०१,२५० | १२१,५०० | १३३,६५० | १,०९५,९३० | १,०९५,९३० | १,०९५,९३० |
| २ | अग्रिम पुंजी भूक्तनी | - | - | ७४,८५० | ७४,८५० | - | - | - |
| ३ | जगेडा तथा कोष | ६३,०६८ | ८६,७८४ | ७५,०३४ | ७९,०९० | १३०,१९७ | १९४,४४८ | २७२,३३३ |
| ४ | बीमा कोष | १२०,८४८ | १५२,३३७ | १७५,९१५ | १९६,५६३ | २५३,१५२ | ३३१,९३१ | ४३२,८५६ |
| ५ | महा-विपत्ती जगेडा | - | २,७५४ | ४,२१७ | ६,०४८ | १४,१४२ | २८,६६९ | ५१,७०९ |
| ६ | नाफा नोक्सान हिसावबाट सारेको नोक्सान | (३,९५४) | - | - | - | - | - | - |
| | **कुल** | **२८१,२१२** | **३४३,१२५** | **४५१,५१५** | **४९०,२००** | **१,४९३,४२१** | **१,६५०,९७८** | **१,८५२,८२८** |
| ७ | घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets) | - | - | - | - | - | - | - |
| | **कुल नेटवर्थ** | **२८१,२१२** | **३४३,१२५** | **४५१,५१५** | **४९०,२००** | **१,४९३,४२१** | **१,६५०,९७८** | **१,८५२,८२८** |
| ८ | शेयर सख्या ( ०००) | १,०१३ | १,०१३ | १,२१५ | १,३३७ | १०,९५९ | १०,९५९ | १०,९५९ |
| ९ | प्रति शेयर नेट वर्थ | २७७.७४ | ३३८.८९ | ३७१.६२ | ३६६.७८ | १३६.२७ | १५०.६५ | १६९.०६ |
| १० | प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ११ | नेटवर्थमा औसत प्रतिफल | १५.३५% | १८.३५% | १०.४४% | ८.४३% | ७.१२% | ९.५४% | १०.८९% |
| १२ | प्रति शेयर आम्दनी (EPS) | २७.७८ | ६२.२० | २८.१३ | २८.९५ | ९.७० | १४.३८ | १८.४२ |
| १३ | निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | **२१.८५%** | | |

**त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरिक्षण भएको वासलात र नाफा-नोक्सान हिसावको विवरण :**

संगठित संस्थाको आ.व.२०७३/०७४ को लेखापरिक्षण भएको वासलात, नाफा-नोक्सान हिसाबकोविवरण देहाय बमोजिम रहेको छ।

**२०७४ आषाढ मसान्तको वासलात**

**वासलात**

| **क.सं.** | **विवरण** | **यस बर्ष** |
|---|---|---|
| | **श्रोत** | |
| १ | चुक्ता पूँजी | १२१,५००,००० |
| | अग्रिम पूँजी भुक्तानी | ७४,८४९,६७५ |
| २ | जगेडा तथा कोष | ७५,०३३,८०२ |
| ३ | बीमा कोष | १७५,९१४,५८६ |
| ४ | महा-विपत्ती जगेडा | ४,२१६,८९५ |
| ५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | - |
| | **कूल श्रोत** | **४५१,५१४,९५८** |
| | **उपयोग** | |
| ६ | स्थिर सम्पत्ती (खुद) | ८४,३५१,१२५ |
| ७ | दीर्घकालिन लगानी | १६७,८९३,०३६ |
| ८ | दीर्घकालिन कर्जा | |
| | चालु सम्पत्ती कर्जा तथा पेश्कीहरु : | |
| ९ | नगद तथा बैंक मौज्दात | १३,८६९,७०१ |
| १० | अल्पकालिन लगानी | ३०५,०९०,७२१ |
| ११ | अल्पकालिन कर्जा | ८२८,४१० |
| १२ | अन्य सम्पत्ती | ३०२,९००,४०४ |
| | **जम्मा (क) (९+१०+११+१२)** | **६२२,६८९,२३६** |
| | चालु दायित्व तथा व्यवस्थाहरु : | |
| १३ | चालु दायित्व | १६२,२९८,७०४ |
| १४ | असमाप्त जोखिम वापत व्यवस्था | २२,७०१,७६७ |
| १५ | भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ८६,५७२,५०७ |
| १६ | अन्य व्यवस्था | १५१,८४५,४६२ |
| | **जम्मा (ख) (१३+१४+१५+१६)** | **४२३,४१८,४४१** |
| १७ | **खूद चालु सम्पत्ति (ग) = (क) -(ख)** | **१९९,२७०,७९६** |
| १८ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु | |
| १९ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | - |

| | | |
|---|---|---|
| २० | **कूल उपयोग (६+७+८+१७+१८+१९)** | **४५१,५१४,९५८** |

**नाफा नोक्सान हिसाव**

| क.सं. | विवरण | यस बर्ष |
|---|---|---|
| | **आम्दानी** | |
| १ | आय व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान) | १४,२६०,२१५ |
| २ | लगानी कर्जा तथा अन्यबाट आय | ६५,५३६,७३७ |
| ३ | व्यवस्था फिर्ता | २८६,६५० |
| ४ | अन्य आम्दानी (विवरण खुलाउने) | |
| | **जम्मा आम्दानी (क)** | **८०,०८३,६०२** |
| | **खर्च** | |
| ५ | व्यवस्थापन खर्च | ५,७७९,९३५ |
| ६ | अपलेखन खर्च | - |
| ७ | शेयर सम्बन्धी खर्च | १७०,००० |
| ८ | अन्य खर्चहरु | |
| ९ | नोक्सानीको लागि व्यवस्था | ५२४,६१२ |
| १० | कर्मचारी आवास व्यवस्था | |
| ११ | कर्मचारी बोनस व्यवस्था | ६,६९१,७३२ |
| १२ | समायोजित आयकर (अ)=(आ)–(इ) | १९,७६२,८४५ |
| | आ) आयकर | १९,८७५,०३६ |
| | इ) स्थगन कर सम्पत्ति/ (दायित्व) | ११२,१९० |
| | **जम्मा खर्च (ख)** | **३२,९२९,१२५** |
| | **खूद नाफा /(नोक्सान) (ग) = (क) - (ख)** | **४७,१५४,४७७** |
| १३ | (क) बीमा कोषमा सारेको | २३,५७७,२३९ |
| | (ख) बीमा जगेडामा सारेको | |
| १४ | अघिल्लो वर्षसंग सम्बन्धित खर्च | १२,९७४,४८५ |
| १५ | अघिल्लो बर्षबाट सारिएको नाफा/(नोक्सान) | ४,०३१,१७३ |
| | **बाँडफाँडको लागि उपलब्ध रकम** | **१४,६३३,९२७** |
| १६ | (क) स्थगन कर जगेडा | ११२,१९० |
| | (ख) पूँजीगत जगेडा | |
| | (ग) विशेष जगेडा | |

| | | |
|---|---|---|
| | (घ) अन्य जगेडा () | |
| | (ङ) प्रस्तावित लाभांश | |
| | (अ) बोनश शेयर | १२,१५०,००० |
| | (आ) नगद लाभांश | ६३९,४७४ |
| | (च) महा-विपत्ती जगेडा | १,४६३,३९३ |
| १७ | वासलातमा सारेको नाफा/(नोक्सान) | **२६८,८७०** |

त(१) **आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणमा समावेश गर्नुपर्ने** : एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेडको आर्थिक वर्ष समाप्त भएको मितिबाट पौष मसान्त सम्ममा अन्य कुनै घटना नरहेको र आ.व. २०७५/७६ को पौष मसान्तको व्यवस्थापनबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण तल उल्लेख गरिएको ।

**वासलात**

| **क्र.सं.** | **विवरण** | **यस बर्ष** |
|---|---|---|
| | **श्रोत** | |
| १ | चुक्ता पूँजी | १३३,६५०,००० |
| | अग्रिम पूँजी भुक्तानी | ७२,०४९,२७५ |
| २ | जगेडा तथा कोष | ११३,५२४,७०३ |
| ३ | बीमा कोष | २०९,४५०,८१८ |
| ४ | महा-विपत्ती जगेडा | ९,८१३,९९२ |
| ५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | |
| | **कूल श्रोत** | **५३८,४८८,७८८** |
| | **उपयोग** | |
| ६ | स्थिर सम्पत्ती (खुद) | ९९,५८३,३४४ |
| ७ | दीर्घकालिन लगानी | २०९,१९५,६३६ |
| ८ | दीर्घकालिन कर्जा | - |
| | चालु सम्पत्ती कर्जा तथा पेश्कीहरु : | |
| ९ | नगद तथा बैंक मौज्दात | ६७,०४९,९४९ |
| १० | अल्पकालिन लगानी | ३५२,००३,३१४ |
| ११ | अल्पकालिन कर्जा | ३,६६७,४१५ |
| १२ | अन्य सम्पत्ती | २९६,२४५,१५० |
| | **जम्मा (क) (९+१०+११+१२)** | **७१८,९६५,८२८** |
| | चालु दायित्व तथा व्यवस्थाहरु : | |
| १३ | चालु दायित्व | १६५,८९७,२०९ |
| १४ | असमाप्त जोखिम वापत व्यवस्था | १६५,६३९,०६० |

| | | |
|---|---|---|
| १५ | भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ७८,३२१,५७६ |
| १६ | अन्य ब्यवस्था | ७९,३९८,१७४ |
| | **जम्मा (ख) (१३+१४+१५+१६)** | **४८९,२५६,०२०** |
| १७ | **खूद चालु सम्पत्ति (ग) = (क) -(ख)** | **२२९,७०९,८०८** |
| १८ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु | - |
| १९ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | - |
| २० | **कूल उपयोग (६+७+८+१७+१८+१९)** | **५३८,४८८,७८८** |

**नाफा नोक्सान हिसाव**

| **क्र.सं.** | **विवरण** | **यस बर्ष** |
|---|---|---|
| | **आम्दानी** | |
| १ | आय व्यय हिसाबबाट सारेको नाफा/(नोक्सान) | २८,४०६,९९४ |
| २ | लगानी कर्जा तथा अन्यबाट आय | १८,१०२,९४० |
| ३ | व्यवस्था फिर्ता | - |
| ४ | अन्य आम्दानी (विवरण खुलाउने) | - |
| | **जम्मा आम्दानी (क)** | **४६,५०९,९३३** |
| | **खर्च** | |
| ५ | व्यवस्थापन खर्च | ६,९६३,९५० |
| ६ | अपलेखन खर्च | - |
| ७ | शेयर सम्बन्धी खर्च | - |
| ८ | अन्य खर्चहरु | - |
| ९ | नोक्सानीको लागि व्यवस्था | - |
| १० | कर्मचारी आवास व्यवस्था | - |
| ११ | कर्मचारी बोनस व्यवस्था | ३,५९५,०८९ |
| १२ | समायोजित आयकर (अ)=(आ)–(इ) | १०,७८५,२६८ |
| | आ) आयकर | १०,७८५,२६८ |
| | इ) स्थगन कर सम्पत्ति/ (दायित्व) | - |
| | **जम्मा खर्च (ख)** | **२१,३४४,३०८** |
| | **खूद नाफा /(नोक्सान) (ग) = (क) - (ख)** | **२५,१६५,६२५** |
| १३ | (क) बीमा कोषमा सारेको | १२,५८२,८१३ |
| | (ख) बीमा जगेडामा सारेको | - |
| १४ | अघिल्लो वर्षसंग सम्बन्धित खर्च | - |
| १५ | अघिल्लो बर्षबाट सारिएको नाफा/(नोक्सान) | १६,२३५,००४ |

| | | |
|---|---|---|
| | **बाँडफाँडको लागि उपलब्ध रकम** | २८,८१७,८१७ |
| १६ | (क) स्थगन कर जगेडा | - |
| | (ख) पूँजीगत जगेडा | - |
| | (ग) विशेष जगेडा | - |
| | (घ) अन्य जगेडा () | - |
| | (ङ) प्रस्तावित लाभांश | - |
| | (अ) बोनश शेयर | - |
| | (आ) नगद लाभांश | - |
| | (च) महा-विपत्ती जगेडा | २८,८१,७८२ |
| १७ | वासलातमा सारेको नाफा/(नोक्सान) | २५,९३६,०३५ |

**त(२) धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय संचालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्नेछ :**

धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय संचालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नेछौं ।

**(थ) संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरु :**

क) भविष्यमा नयाँ बीमा कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
ख) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
ग) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।
ङ) नेपाल सरकार तथा बीमा ऐनको नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुन सक्ने जोखिमहरु ।
च) कम्पनीको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरु ।
छ) पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

संगठित संस्था वि.सं. २०४८ मा स्थापना भई वि.सं. २०५१ देखि निर्जीवन बीमा व्यवसाय गर्दै आएको कम्पनी हो । कम्पनीको असमाप्त जोखिम तथा भुक्तानी गर्न बांकी दावीहरुको लागि बीमा ऐन तथा नियमावलीमा उल्लेख भएअनुसारको जगेडा कोषको व्यवस्था गरिएको छ । यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम तथा प्रतिबद्ध छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्वन्धी जोखिम**

रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मुल्यले सूचीकरण पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**(द) धितोपत्र बाँडफाँड सम्बन्धी व्यवस्था :**

संगठित संस्थाले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रदको आधारमा खरिद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा तीस दिनभित्र शेयरहरुको बाँडफाँड गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ । बाँडफाँड पश्चात अभौतिक (डिम्याट) रुपमा शेयर भएका शेयरधनीहरुलाई धितोपत्रहरु अभौतिक रुपमा उपलब्ध गराउने व्यवस्था रहेको छ ।

**(ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने समय र स्थान :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न सकिने छ ।

क) संगठित संस्थाको रजिष्टर्ड कार्यालय, हात्तिसार, काठमाण्डौ ।

ख) धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक - सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं स्थित कार्यालयबाट ।

**(न) निष्काशन हुने धितोपत्र प्रत्याभुत गरेको भए सो को विवरण :**

प्रत्याभुत नगरिएको ।

**(प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" को दफा ६ मा भएको व्यवस्था अनुसार धितोपत्र सूचीकरणका लागि नेपाल धितोपत्र बोर्डबाट हकप्रद शेयर स्वीकृत भएको बढीमा सात कार्य दिनभित्र आफ्नो धितोपत्र सूचीकरणका लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिईनेछ र हकप्रद शेयर स्विकृत भएको भएको सात कार्य दिनभित्र सङ्गठित संस्थाले आफ्नो धितोपत्रको अभौतिकीकरणका लागि सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा निवेदन दिई सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई दिइनेछ ।

**(फ) संगठित संस्थाको कारोवारमा असर पार्ने कुनै विवाद/मुद्दा भए सो को विवरण :**

सो नभएको ।

**(ब) हकप्रद शेयर खरिद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

क) हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १:३ को दरले रु.८२,१९,४७,५००/- बराबरको ८२,१९,४७५ कित्ता हकप्रद शेयर प्रति शेयर रु.१००/- का दरले आवेदन दिन सक्नेछन ।

ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनी द्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर(हरु), आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

ग) दरखास्त फाराम अंग्रेजी र नेपाली दुवै भाषमा पुर्ण रुपले भर्नुपर्ने छ ।

घ) दरखास्तसाथ प्रति शेयर रु. १००।– को दरले आफूले हकप्रद आधारमा खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनुपर्नेछ ।

ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।

च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन ।

ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि इन्स्योरेन्स कम्पनीका सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।

झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरि तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।

ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने ।

**(भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरुः**

१) साविकको शेयरधीनहरुले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरीद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-११ को ढाँचामा कम्पनीको शेयर रजिष्ट्रार एनएमवि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौमा निवेदन दिई मनोनयन गर्न सक्नेछः-

(क) हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था नियम १७ को उपनियम (४) बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको,

(ग) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,

(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,

(ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,

(च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरीद गर्न अयोग्य नभएको ।

(२) मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।

(३) मनोनयनका लागि निवेदन दिँदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला) ले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

(४) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि उपनियम (१) बमोजिम अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरीद गर्न पाउने छैन ।

(५) धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्नेछ ।

**(म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिकाबारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम तथा ठेगाना :**

क) संगठित संस्थाको आ.व. २०७३/०७४ को लेखापरीक्षकमा चार्टड एकाउण्टेण्टस् संस्था मदन निरौला एण्ड कं. काठमाण्डौ का एफसिए मदन कुमार निरौला हुनुहुन्छ र आ.व. २०७४/०७५ को लागि समेत लेखापरीक्षकमा चार्टड एकाउण्टेण्टस् संस्था मदन निरौला एण्ड कं. काठमाण्डौ का एफसिए मदन कुमार निरौलालाई नियुक्त गरिएको छ ।

ख) कम्पनी संस्थाको कम्पनी सचिवमा श्री प्रदिप मोहन धौभडेल रहनुभएको छ ।

ग) कम्पनी संस्थाको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा कम्पनी आफैले तयार गरेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थ परक भएको व्यहोरा ब्यबसायिक संस्था एम.जि.एस. एण्ड एशोसिएटेस्का सि.ए श्री ध्रुब अधिकारीले प्रमाणित गर्नुभएको हो ।

घ) यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" ब्यबसायिक संस्था सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल काठमाण्डौं रहेको छ ।

**(य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

क) पूँजी वृद्धि गर्ने सम्बन्धमा बीमा समितिको निर्देशन वमोजिम कम्पनीको शेयर संरचनामा न्युनतम ५१ प्रतिशत संस्थापक शेयरधनी कायम गर्नका लागि बोनस शेयर पश्चात हुन आउने कुल चुक्ता पुंजीमा यस कम्पनीका सर्वसाधारण शेयरधनीहरुलाई १:१.०५ (एक बराबर एक दशमलव शुन्य पांच) संस्थापक शेयर कायम हुने गरी हकप्रद शेयर जारी गर्ने रहेको र हाल उक्त हकप्रद जारी भई बाँडफाड समेत भईसकेको । तत्पश्चात कायम सम्पूर्ण शेयरधनी (संस्थापक र सर्वसाधारण) लाई १:३ (एक बराबर तिन) हकप्रद शेयर निष्काशन गरी कम्पनीलाई आवश्यक पर्ने पूंजी संकलन गर्न ।

ख) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूंजी जुटाउन ।

ग) कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा बीमा क्षेत्र सम्बन्धि गतिविधिहरुलाई विस्तार गरी देशको बीमा क्षेत्रको विकासमा योगदान पुर्‍याउन ।

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण" अनुसार हकप्रद शेयर जारी भई प्राप्त हुने रकम बीमा समितिको लगानी निर्देशिका भित्र रही निम्न तालिका अनुसार लगानी गरिनेछ :

| लगानीको वर्ग | लगानीको क्षेत्र | लगानी रकम रु. | लगानी प्रतिशत |
|---|---|---|---|
| क वर्ग | नेपाल सरकार र नेपाल राष्ट बैंकको ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त ऋणपत्र / बचतपत्र | १९२,४५६,०००.०० | २०.०० |
| | **क वर्गको जम्मा** | **१९२,४५६,०००.००** | |
| | | | |
| ख वर्ग | १)वाणिज्य बैंकको मुदती निक्षेप | ३३६,७९८,०००.०० | ३५.०० |
| | २) विकास बैंक तर्फ मुद्दती निक्षेप | १४४,३४२,०००.०० | १५.०० |
| | ३) नागरिक लगानी कोषमा एकांकी नागरिक लगानी | २४,०५७,०००.०० | २.५० |
| **ख वर्गको जम्मा** | | **५०५,१९७,०००.००** | |
| | | | |
| ग वर्ग | १) वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको अग्राधिकार शेयर, सुरक्षित डिबेन्चर | ९१,४१६,६००.०० | ९.५० |
| | २)वित्त कम्पनीको मुद्दती निक्षेप | ७६,९८२,४००.०० | ८.०० |
| | ३) पब्लिक लि. कम्पनीको साधारण शेयर | ५७,७३६,८००.०० | ६.०० |
| | ४) उत्पादनशिल वा राष्टिय महत्वका क्षेत्र | ३८,४९१,२००.०० | ४.०० |
| **ग वर्गको जम्मा)** | | **२६४,६२७,०००.००** | |
| **कूल लगानी (क+ख+ग)** | | **९६२,२८०,०००.००** | |

**(र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा पैतिस दिनका लागि खुल्ला राखिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सवै धितोपत्र बिक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशित गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**(ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त वा हेर्न सक्ने स्थानहरु :**

| | |
|---|---|
| १. | श्री एभरेष्ट इन्स्योरेन्स कम्पनी लि., प्रधान कार्यालय, हात्तिसार, काठमाडौं तथा शाखा कार्यलयहरु |
| २. | श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ । |
| ३ | श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ । |

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा सिद्धार्थ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा विक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्वन्धि विवरण निष्काशनकर्ता कम्पनी श्री एभरेष्ट इन्स्योरेन्स कम्पनी

लिमिटेडको वेभसाइट www.everestinsurance.com वा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लिमिटेडको वेभसाइट www.siddharthacapital.com मार्फत हेर्न सक्नेछन् ।
साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई उचित निर्णय मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु सिद्धार्थ क्यापिटल लिमिटेड तथा एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेडको website मा बिक्री बन्द नभएसम्म राखिनेछ । बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।

**निष्काशन बैंक(Bankers to the Issue):**
यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक (Bankers to the Issue) को रुपमा सिद्धार्थ बैंक लिमिटेड, हात्तिसार, काठमाण्डौलाई तोकिएको छ । यस कम्पनीको सर्वसाधारण शेयरधनीहरुका लागि हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्लाको सूचना प्रकाशन गरिने मिति भन्दा तीन दिन अगाडी नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई अन्य वाणिज्य बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ ।

**(व) आफ्नो व्यवसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**
संगठित संस्थाले आफूले गर्ने व्यवसायसँग सम्बन्धित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, विमा ऐन, २०४९, प्रचलित नियम, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायराभित्र रही कार्य गरिरहेको बारेको उद्घोषण कम्पनीको रहेको छ । साथै कम्पनी ऐन, २०६३ र अन्य प्रचलित ऐन, नियम बमोजिम संगठित संस्थाका सञ्चालकहरु कालो सूचीमा नरहेको र संस्थापक शेयरधनीहरु संस्थापक हुनको लागि अयोग्य नरहेको वित्तीय संस्थाको उद्घोषण रहेको छ । यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो ।

**संगठित संस्था अद्यावधिक रहेको सम्बन्धमा**
कम्पनी रजिष्ट्रारको मिति २०७५।०३।०६ को पत्रानुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा संगठित संस्था आ.व. ०७३।०७४ सम्म अद्यावधिक रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्वन्धि विवरण**
यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार साविक शेयरधनीहरुमा निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त केयर रेटिङ्गस नेपाल लि., काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई "केयर-एनपि आईपियो ग्रेड ४" प्रमाणपत्र प्राप्त गरेको छ । "केयर-एनपि आईपियो ग्रेड ४" ले संगठित संस्थाको अवस्था औषत भन्दा तल आधार (Below Average Fundaments) रहेको देखाउछ ।

**(श) पछिल्लो ३ वर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण**

| कम्पनीको विगत तीन आर्थिक वर्षको वार्षिक शेयर कारोवारको विवरण | | | | |
|---|---|---|---|---|
| आर्थिक वर्ष | अधिकतम शेयर मूल्य (रु) | न्यूनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोवार संख्या |
| २०७४/२०७५ | २८७६ | ११७१ | १३२० | ४,१२,६२२ |
| २०७३/२०७४ | ३१९९ | ११७१ | १४५० | ४,१४,९४७ |
| २०७२/२०७३ | २२६० | ७१२ | १८६० | ७,४४,५४१ |

| कम्पनीको विगत तीन महिनाको शेयर कारोवारको विवरण | | | | |
|---|---|---|---|---|
| महिना | अधिकतम शेयर मूल्य (रु) | न्यूनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोवार संख्या |
| २०७५ फालुन | ८५५ | ७८३ | ८५५ | १३,७७८ |
| २०७५ माघ | ९०० | ७९१ | ८२५ | १९,२९३ |
| २०७५ पौष | ९१० | ७४० | ८५५ | २१,७९२ |

**नोटः** संगठित संस्थाको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लि. ले प्रकाशित गर्ने बजार मूल्यसूची मार्फत प्राप्त गर्न सकिने ।

**(ष) यस "हकप्रद निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्णरुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालकहरुको नाम तथा दस्तखत :**

| क्र.सं. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री राजिव सापकोटा | अध्यक्ष | |
| २. | श्री भुवल राई | संचालक | |
| ३ | श्री राम प्रसाद खनाल | संचालक | |
| ४. | श्री हेम राज थापा | संचालक | |
| ५. | श्रीमति अन्जिला बिष्ट गिरी | संचालक | |
| ६. | श्रीमति सम्झना शर्मा | स्वतन्त्र संचालक | |

**(स) निष्काशन तथा विक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेनस् सर्टिफिकेट) प्रस्तुत गरेका छौ ।